# आर्थिक ऐन, २०७४

नगरसभाबाट स्वीकृत मिति: २०७४/३/३१

**प्रस्तवना**

मध्यविन्दु नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधान,२०७२ धारा २२८ को उपधारा (२) बमोजिम मध्यविन्दु नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस ऐनको नाम **"आर्थिक ऐन, २०७४"** रहेको छ ।

ख) यो ऐन २०७४ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. एकिकृत सम्पत्ति कर**

१. नगरपालिका क्षेत्र भित्रनगर कार्यपालिकाले तोकेएको मिति देखि अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर लागु हुनेछ ।

२. एकिकृत सम्पत्ति कर लागु हुने मिति नतोकेसम्म अनुसूचि (३) बमोजिमको भूमि कर लागु हुनेछ ।

**३. घर नक्सापास शुल्क**

नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम घर नक्सापास शुल्क लागु हुनेछ ।

**४. भूमी (मालपोत) कर**

नगरपालिका क्षेत्रभित्र अनुसूची (३) बमोजिम भूमिकर (मालपोत) लागु हुनेछ ।

**५. सिफारिस शुल्क, दस्तुर**

नगरपालिकाबाट जारी हुने सिफारिसमा अनुसूची (४) बमोजिमका शुल्क, दस्तुर लाग्नेछ ।

**६. घर बहाल कर**

नगरपालिका क्षेत्र भित्रकुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, तहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले बाहालमा दिएकोमा अनुसूची (५) बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल गरिनेछ ।

७. व्यवसाय कर :

नगरपालिका क्षेत्र भित्रव्यापार, व्यवसायवा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाईने र असूल अपर गरिनेछ ।

८. सवारी साधन कर

नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (७) बमोजिम सवारी साधन कर लगाइने छ । असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. विज्ञापन कर

नगरपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. मनोरञ्जन, पर्यटन शुल्क

नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (९) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

११. बहाल बिटौरी शुल्क

नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (१०) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. पार्किङ शुल्क

नगरपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाइ पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (११) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. विविध सेवाशुल्क, दस्तुर

नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४. करका दर कायम गर्ने एवं छुट दिने**

यस ऐन बमोजिम अनुसूचिमा समावेश नभएका नयाँ शीर्षकमा कर लगाउनु पर्ने भएमा वा कर तिर्ने दायित्व भएका व्यक्तिवा संस्थाहरुलाई कर छुट दिनुपर्ने भएमा नगर कार्यपालिकाको स्वीकृतिमा गर्न सकिन्छ ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**

यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**१६. खारेजी र बचाऊ**

राजस्व संकलन सम्बन्धमा साविक स्थानीय निकायबाट भएका बहुवर्षिय ठेक्का निर्णय खारेज गरिएका छन् । विकास निर्माण सम्बन्धी बहुवर्षिय लगानी योजना कार्यान्वयनको निरन्तरताका लागि कुनै वाधा परेको मानिने छैन ।

जङ्ग बहादुर राना
प्रमुख